आज मिति २०८१।०३।०८ गतेका दिन यस पलाँता गा.पा. अध्यक्ष तथा गाउँसभा अध्यक्ष श्री विष्णु बहादुर रोकाया ज्यू को अध्यक्षतामा पलाँता गाउँपालिका गाउँसभाको १४ औं अधिवेशनमा निति तथा कार्यक्रम घोषणा सभा देहाय बमोजिमको उपस्थितिमा संचालन गरियो ।

उपस्थितिहरु :

१. श्री विष्णु बहादुर रोकाया - गा.पा. तथा सभा अध्यक्ष
२. श्री अलेपुरा हमाल जैसी - ,, - उपाध्यक्ष
३. श्री मनरुप न्यौपाने - का.पा. सदस्य वडा नं. १ वडाध्यक्ष
४. श्री भिम प्रसाद न्यौपाने - का.पा. सदस्य ,, - २ ,,
५. श्री बाँचे कामी - ,, ,, ,, - ३ ,,
६. श्री तिलक बहादुर बुढा - ,, ,, ,, - ४ ,,
७. श्री तिलक बहादुर बम - ,, ,, ,, - ५ ,,
८. श्री कान्त रोडी - ,, ,, ,, - ६ ,,
९. श्री कल बहादुर बम - ,, ,, ,, - ७ ,,
१०. श्री गजन बहादुर बम - ,, ,, ,, - ८ ,,
११. श्री मानसिंह बम - ,, ,, ,, - ९ ,,
१२. श्री मन्जन सार्की - का.पा. सदस्य
१३. श्री मार्जे कामी - ,, ,,
१४. श्री झाउरी कामी - ,, ,,
१५. श्री कविता बम - ,, ,,
१६. श्री सम्झना वि.क. - ,, ,,
१७. श्री जोवना कामी - ,, ,,
१८. श्री सुरेश कुमार श्रेष्ठ - प्रमुख प्रशासकिय अधिकृत
१९. श्री आउती भण्डारी - सभा सदस्य
२०. श्री छेउकला सार्की - ,, ,,
२१. श्री जौबते कार्की - ,, ,,
२२. श्री दर्शना प्याकुरेल - ,, ,,
२३. श्री आइते सार्की - ,, ,,
२४. श्री विष्णुलाल प्याकुरेल - ,, ,,
२५. श्री दर्शना रोकाया - ,, ,,
२६. श्री नैननन्द न्यौपाने - ,, ,,

२६ श्री सूर्यराज बहादुर बम - सभा सदस्य
२७ श्री देउ बुढा - सभा सदस्य
२८ श्री तेजना अधिकारी - " "
२९ श्री नरजन महतारा - " "
३० श्री छेपु विटालु - " "
३१ श्री हस्त बुढा - " "
३२ श्री सुरेस शाही - " "
३३ श्री बाज बहादुर बम - " "
३४ श्री रूपरेखा बुढा - " "
३५ श्री जडेनी कामी - " "
३६ श्री कैव बुढा - " "
३७ श्री सर्प धामी - " "
३८ श्री देबी बम - " "
३९ श्री नन्द बहादुर बिष्ट - " "
४० श्री टेक बहादुर बम - " "
४१ श्री सम्झना बम - " "
४२ श्री आइती सर्केनी - " "
४३ श्री सर्जन बम - " "
४४ श्री गणेश बहादुर बम - " "
४५ श्री टीका नेपाली - " "
४६ श्री चाँदनी शाही (बम) - " "
४७ श्री टम्मर बम - " "
४८ श्री लक्ष्मण बहादुर बम - पूर्व गा.पा. अध्यक्ष
४९ श्री दाना न्यौपाने - " " उपाध्यक्ष
५० श्री बिर्हे कामी - " वडा नं. २ अध्यक्ष
५१ श्री रैनराज महतारा - " " ४ अध्यक्ष
५२ श्री एकक बहादुर बम - " " ६ अध्यक्ष
५३ श्री मनसिंह धामी - जनसम्पर्क सहमत (शहर)
५४ श्री हर्क ब० बम - ऐमालेराष्ट्रविधि केन्द्रीय
५५ श्री मोहन सिंह - नेकपा पार्टी सचिव
५६ श्री तुलसिंह बम - नेकपा एमाले पार्टी अध्यक्ष
५७ श्री नरेन्द्र बहादुर बम - मु.पु. प्रधान
५८ श्री जडेनी हमाल - नेकपा एकीकृत समाजवादी प्रदेश प्रान्तीय सदस्य

प्रतिलिपि
सुरेशकुमार ...
प्रमुख प्रशासकीय अधिकृत

५९ श्री सर्जन प्याकुरेल
६० श्री राज बहादुर कुंवर
६१ श्री प्रेम व बम (धिरेन्द्र)
६२ श्री देव कामी
६३ श्री अनरुप वि.क.
६४ श्री कल बहादुर बम
६५ श्री प्रेम बहादुर बम
६६ श्री सरिता न्यौपाने
६७ श्री भरत रोकाया
६८ श्री विवेक क. बम
६९ श्री केशवराज काफ्ले वरिष्ठ कृषि अधिकृत काठमाडौं
७० श्री कर्ण बहादुर रोकाया - स्व वडा नं. - ३ अध्यक्ष
७१ श्री नन्द ब. बम
७२ श्री रोशन वि.क.
७३ श्री दुर्गा ब. बम
७४ श्री अरविन्द रोकाया
७५ श्री धर्मदत्त न्यौपाने
७६ श्री लोकेन्द्र न्यौपाने
७७ श्री मनकेशी न्यौपाने
७८ श्री परिलाल न्यौपाने — परिलाल
७९ श्री हरिस बम
८० श्री नैन सिंह बम
८१ श्री गजेन्द्र बम
८२ श्री कलम बम
८३ श्री हेमराज बम
८४ श्री बीर बहादुर बम
८५ श्री लंक बहादुर बम
८६ श्री [illegible] बहादुर बम
८७ श्री विकेश दमाई
८८ श्री हर्ष बम
८९ श्री जर्मराज बम
९० श्री राजवि. शाही

प्रतिलिपि [illegible]

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

९१ श्री डिपेन्द्र बम
९२ श्री कुम्मराज न्यौपाने
९३ श्री निरसान बम
९४ श्री देवेन्द्र शाही
९५ श्री सुदिप बम
९६ श्री केशा रोकाया
९७ श्री जलपना धामी
९८ श्री हजु रोकाया
९९ श्री बेलपुरा रोकाया
१०० श्री सुना भण्डारी
१०१ श्री पर्व रोकाया
१०२ श्री लक्ष्मी रोकाया
१०३ श्री सर्वानन्द न्यौपाने वडा नं. १
१०४ श्री थिर बहादुर रोकाया " १
१०५ श्री छत्र ब० कार्की " १
१०६ श्री देवजङ्ग शाही ९- चौतारी आ०वि० अध्यक्ष
१०७ श्री अमन भण्डारी
१०८ श्री किरण न्यौपाने
१०९ श्री नगराज बम
११० श्री उजिर रोकाया
१११ श्री कोला बम
११२ श्री बाँचे दमाई
११३ श्री सुवास दमाई
११४ श्री राकेश दमाई
११५ श्री डल्ले दमाई
११६ श्री मान सुनार ने.पा.क. वडा कमिटी अध्यक्ष
११७ श्री डिपेन्द्र बम
११८ श्री विर्क शाही
११९ श्री पारस बम
१२० श्री विर ब. बम
१२१ श्री मदन बम
१२२ श्री लक्ष्मण बुढा

प्रतिलिपि

सुरेशकुमार ...
प्रमुख प्रशासकीय अधिकृत

१२३ श्री अनिता बुढा
१२४ श्री रविन्द्र महतारा
१२५ श्री कर्णा वि.क.
१२६ श्री सुजित रोकाया
आशा १२७ श्री आशा बम
१२८ श्री मल्देवी बम
१२९ श्री सुर्जकला बम
१३० श्री दुधा वि.क.
१३१ श्री समिता न्यौपाने
१३२ श्री बासिमला बम
१३३ श्री सुनिता शाही
१३४ श्री सरला बम
१३५ श्री रमिता बम
१३६ श्री रसमा रुर्जी
१३७ श्री सुनिता बम
१३८ श्री अनिता शाही
१३९ श्री राधिका बम
१४० श्री मिना बम
१४१ श्री कल्पना बम
१४२ श्री पाँचा कर्जी
१४३ श्री नन्दा कुमारी बम
१४४ श्री सान कुमारी बम
१४५ श्री डिपेशा बम
१४६ श्री असमिता महरी
१४७ श्री सुनिता बम
१४८ श्री डिल्लीसरा बम
१४९ श्री विमल न्यौपाने
जवारा १५० श्री जवारा रोकाया
१५१ श्री सनमुना रोकाया
१५२ श्री कृष्ना रोकाया
दाना १५३ श्री दाना वि.क.
१५४ श्री ईश्वरा रोकाया

तालिम

सुरेशकुमार बुढा
प्रमुख प्रशासकीय अधिकृत

९५५ मनभुजा परियार
९५६ ज्ञाना बम
९५७ नैना वर्म
९५८ हजरकला शाही
९५९ फुलथुङ्गा वर्म
माधवी ९६० महादेवी रोकाया
९६१ पार्वती वर्म
९६२ विमला शाही
९६३ सुभिद्रा बम
९६४ निर्मला रोकाया
९६५ धनदेवी वर्म
९६६ जनकपुरा वर्म
९६७ सुनिता वर्म
९६८ [illegible] वर्म
९६९ अमि वर्म
९७० धनकला वर्म
९७१ अत रोकाया
९७२ धनजर्न रोकाया
रनजी ९७३ रनजित शाही
९७४ राजेन्द्र बम
९७५ अमृत बम
९७६ विपिन बजी
९७७ मनिराज शाही
९७८ धर्मराज वर्म
रत्नरुपा ९७९ रत्नरुपा वर्म
९८० मेद? तीखवा
९८१ आशिष नेपाली
९८२ सतकाला वर्म
९८३ अजित वर्म
९८४ औरन वर्म
९८५ बीरतिन वर्म
९८६ रतन वर्म

प्रमुख प्रशासकीय अधिकृत

१८७ श्री जिवन थापा
१८८ " यवराज बुढा
१८९ " सर्प थापा
१९० " दुर्गा ब थापा
१९१ " सुरे क. बर्क
१९२ " केशपुरा बुढा
१९३ " नया राम सार्कि
१९४ " दैवि विश्वकर्मा
१९५ " बिर वरनय
१९६ " चुप बहादुर बुढा
१९७ " इलाम महतारा
१९८ " कुम्म रोकाया
१९९ " शान्ती भट्राई
२०० " इन्द्रा कुमारी उपाध्याय
२०१ श्री रमेश बस्नेत
२०२ " टिका घिमिरे
२०३ श्री राज बहादुर बम
२०४ श्री विशाल रावत
२०५ " कविराज मण्डरी
२०६ अजल वि.क
२०७ " कर्मे सिं बस
२०८ " डिल्लु पाण्डे
२०९ " हिरा थापा
२१० " अस्मिता उपाध्याय
२११ " बिष्णा कुमारी बम
१२ " किस्मता बम
२१३ " सरिता कुमारी शाही
२१४ " सुसिला कुमारी बम
२१५ " अम्बिका चौपाने
२१६ " दुर्गा देवी बम
२१७ " बालप्रकाश चौपाने
२१८ " अर्जुन कुमार बिष्ट

प्रतिलिपि
सुरेशकुमार ...
प्रमुख प्रशासकीय अ...

२१९) २१९) भिम बहादुर बस्नेत

२२०) विजराज बम

२२१ तेजा बोहरा

२२२ दिपेन्द्र बहादुर बम

२२३ नविन कुमार बम

२२४ स्वर्ण बहादुर बिष्ट

२२५ [illegible]

२२६ सबराज [illegible]

२२७ रुकेन्द्र बम मल्ल

२२८ दिकपाल कुमार रावल

२२९ चिन्त [illegible]

२३० माधिराज महतारा

२३१ लोकेन्द्र बहादुर कुवर

२३२ सारदा थापा

२३३ शिला थापा

२३४ विपना रोकाया

२३५ समिता क्षत्री

२३६ मानसा दर्जी

२३६ धन प्रसाद ज्यौपाने स्वा.शा.प्र

२३७ मनादेवी बम (पूर्व) स०उ०मा०वि० विधेय-९

२३८ निर्मला बम स०उ०मा०वि० विधेय ,,

२४० विष्णु घर्ती मगर ,, ,, ,,

२४१ विरेन्द्र [illegible]

२४२. महेन्द्र लोहार

२४३. प्रेम [illegible]

२४४ सुर्जिम थामी

२४५ जंग बहादुर भण्डारी

२४६ नरेन्द्र बम ज्ञानज्योति आ.वि. [illegible]

२४६ [illegible]

२४८ लक्ष्मि बम

२४९ मिना बम

२५० कल्पना बम

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२५१ केशपुरा बम
२५२ संडेनी बम
२५३ पवन बम
२५४ इन्द्री बम
२५५ पुनम शाही
२५६ पुजा बम
२५७ सारदा बम
२५८ लक्ष्मी प्रसाद कोइल (ईलाका प्रहरी कार्यालय, थिर्पु)
२५९ जनार्दन उपाध्याय (कार्यकारी निर्देशक T.V.Today)
२६० प्रकाश बहादुर कार्की
२६१ अस्मीता भण्डारी
२६२ सुव्रता गुहा
२६३ रविन्द्र महतारा
२६४ अस्मीत गुहा
२६५ भरतकुमार बस्नेत : ह.प्र.का. थिर्पु गालिकोट
२६६ निर्मल क्षत्री
२६७ गोपाल विश्वकर्मा (०९
२६८ धन बहादुर वि.क. (वडा सचिव वडा नं ४)
२६९ नप बहादुर बम
२७० उदे सार्की
२७१ प्रशान्त बम
२७२ करविरे लुहार
२७३ धन बहादुर सार्की
२७४ रतन बहादुर कार्की -रेडियो प्रदेश आवाज
२७५ धनकली वि.क.
२७६ कल बहादुर भण्डारी
२७७ हिमराज रवाल
२७८ राजेन्द्र रोकाया
२७९ कमल रोकाया
२८० सर्प रोकाया
२८१ इन्द्रराज रोकाया
२८२ पवित्रा बम

प्रतिलिपि

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२८३ श्री विकास महतारा — संस्थान प्रमुख

२८४ श्री दिप (कोमगरा)

२८५ श्री जगमल बुढा — रोजगार संयोजक

२८६ श्री चक्र ब. शाही — प्राविधिक

२८७ श्री जन बहादुर बम — प्राविधिक सहायक

निर्णय नं. १

पत्थरैया गाउँ पालिकाको गाउँ सभाको १२ औँ अधिवेशन संचालन गरी नीति तथा कार्यक्रम आ. व. २०८१/०८२ वाल्हीको सभाद्वारा सर्व सहमत स्विकृत गरीयो।

मुख्य प्रशासकीय अधिकृत

# अध्यक्ष श्री विष्णु बहादुर रोकायाले गाउँ सभाको

# १४ औं अधिवेशनमा गर्नु भएको सम्बोधन

पलाँता गाउँ पालिकाको नीति तथा कार्यक्रम

२०८१ असार ८ गते

## "स्वच्छ, समृद्ध र सुसंस्कृत पलाँता"

## आदरणीय गाँउसभाका उपाध्यक्ष, सभाका सदस्य ज्यूहरु एवम जन समुदायहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय सरकार अन्तर्गत यस पलाँता गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभामा सम्बोधनका साथै आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

यस अवसरमा सर्वप्रथम राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना एवम् मुलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न कालखण्डमा भएका क्रान्ति, संघर्ष, जनयुद्ध तथा जनआन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्नुको साथै सम्पुर्ण पलाँता गाउँवासीमा कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि सुशासन, विकास सामाजिक न्याय सहितको "स्वच्छ, समृद्ध र सुसंस्कृत पलाँता" को आकांक्षा पुरा गर्न वर्तमान पलाँता सरकार प्रतिवद्ध रहेको छ ।

## गाउँसभा सदस्यहरु तथा आदरणीय जन समुदायहरु

नेपालको वर्तमान संविधान जारी भए पछि मुलुकको शासकीय प्रणालीमा सुधार गर्दै संघीयताको कार्यान्यन पछि नै यो स्थानीय सरकार स्थापना भएको छ । संविधानको अनुसुची ८ मा स्थानीय सरकारको एकल अधिकारको सूची समेत व्यवस्था गरिएको छ ।सो व्यवस्थालाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरी हाल कार्यान्यनमा रहेको छ ।

स्थानीय सरकार एक सशक्त र स्वायत्त भए संगै स्थानीय आवश्यकता बमोजिम आर्थिक तथा सामाजिक क्रियाकलापहरु सञ्चालनको लागि आवश्यक योजना, नीति तथा कार्यक्रम र बजेटको तर्जुमा समेत स्वयं स्थानीय तहले नै निर्माण गरी प्राथमिकताका आधारमा योजना तथा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त भएकोले यस पलाँता गाउँपालिकाले आगामी आ.व. २०८१/०८२ को लागि वार्षिक योजना सहितको नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

यो नीति तथा कार्यक्रम तर्जुमा देहायको कानुनी प्रावधानको आधारमा गरिएको छ ।

क) नेपालको संविधान
ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) दिगो विकास लक्ष्य

घ) नेपालको १६ औं आवधिक योजना

ङ) पलाँता गाउँपालिकाको आवधिक विकास योजना

च) पलाँता गाउँपालिकाको मध्यमकालिन खर्च संरचना

छ) नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट

ज) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

झ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

ञ) कर्णाली प्रदेश सरकारको आवधिक विकास योजना लगाएतका सम्बद्ध ऐन तथा कानूनहरु ।

## आदरणीय गाउँसभा सदस्यहरु तथा जन समुदायहरु

**अब म आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विकासका लागि अवलम्बन गर्ने कृषि, पशु, रोजगारी, उद्यम विकास र पर्यटन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

१) खेतवारीमा उत्पादन, हातहातमा अनुदान को नीति अपनाउदै कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ । कृषि क्षेत्रको वैज्ञानिकीकरण, आधुनिकीकरण, यान्त्रीकरण र औद्योगिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि गाउ क्षेत्रलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन तथा स्थानीय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानलाई बढोत्तरी गर्न "पलाँता गाउँपालिका कृषि पकेट कार्यक्रम" अन्तर्गत तरकारी पकेट क्षेत्र, आलु पकेट क्षेत्र, प्याज पकेट क्षेत्र, चिनो, कागुनो, कोदो र फापर लगाएतका रैथाने बाली पकेट क्षेत्रका लागि ठाउँ पहिचान गरी उत्पादनमूलक कार्यक्रमहरू संचालन गरिनेछ। कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन कृषि प्रवर्द्धनका लागि कार्यक्रमहरू ल्याइनेछ ।

२) गाउँ क्षेत्र भित्र उत्पादित कृषिजन्य वस्तुहरुको बजारीकरण गर्न बिक्री वितरण तथा संकलन गर्न कृषि हाटवजारको स्थापना गर्ने तथा कृषि प्रदर्शनी मेला आयोजना गरिनेछ ।

३) पलाँता गाउँपालिकाका अगुवा कृषकलाई किसान कार्ड वितरण गरिनेछ ।

४) पलाँता गाउँपालिका लगायत अन्य स्थानीय तहमा समेत आवश्यकता पर्ने फलफूल, तरकारी, डाले घाँस लगायत अन्य वोटविरुवाहरुको विरुवा उत्पादन र परिपूर्तिको लागि गाउँघर नर्सरी कार्यक्रम लागू गरिनेछ। यस पालिकाको कृषि व्यवसायमा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरी प्राङ्गारीक मलको प्रयोगलाई प्रोत्साहन गर्न प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गर्ने नीति ल्याइनेछ ।

५) गाउँपालिकाका प्रमुख बालीहरुमा देखापर्ने रोगहरुको शीघ्र निदानको लागि गाउँपालिका क्षेत्रभित्र विशेषज्ञ सहितको बाली उपचार शिविर संचालन गरिनेछ । बाली बीमा कार्यक्रम संचालनमा ल्याइनेछ ।

६) एग्रो पुलिङ्ग अवधारणाको विकास गरि सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । वडा नं ९ मा रहेको कृषि सेवा केन्द्रलाई स्तरोन्नती सहित संचालनमा ल्याइनेछ ।

७) पलाँता गाउँपालिकामा रहेको लेकाली जग्गामा बहुमुल्य जडिबुटी खेतीलाई आवश्यक अनुदान प्रदान गरि कृषकलाई प्रोत्साहन गरिनेछ। पलाँता गाउँपालिकामा जडीबुटी संकलन केन्द्र बनाई प्रशोधन तथा आयुर्वेदिक औषधिको लागि कच्चा पदार्थ उत्पादन र बिक्री बितरण मार्फत स्वरोजगार सिर्जना गरिनेछ।

८) पशु सेवालाई प्रभावकारी बनाउन पशुपंक्षीहरुको आकस्मिक उद्दार तथा उपचार सेवा प्रदान गरिनेछ। विशेषज्ञ पशु चिकित्सक सहितको **"भेट एम्बुलेन्स"** सेवा संचालन गरिनेछ ।साथै पशु बीमा कार्यक्रमलाई कार्यान्वयन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

९) दुग्ध प्रशोधन र संकलन केन्द्र स्थापनाका लागि पहल गरिनेछ । बाखा पकेट क्षेत्र र भेडा पकेट क्षेत्रको कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ। अनुदानमा भेडा, बाखा र भैंसी लगाएतका पशु प्रदान गरिएको पशुपालन सम्बन्धी समूहबाट बिक्री वितरण गरेबापत कानून बनाई राजश्व संकलन गर्ने नीति अवलम्वन गरिनेछ।

१०)पालिका भित्र पशुहरुमा देखा परेका खतरनाक रोग विरुद्ध खोप सेवा निशुल्क उपलब्ध गराइनेछ । यसका लागि "पशु प्राविधिकको व्यापक परिचालन: गाउँपालिकामा व्यवसायिक पशुपालन" अवधारणामा रही कार्य गरिनेछ ।

११)"पशुपालक किसानहरुको वास्तविक सम्मान, उत्पादनमा आधारित अनुदान" भन्ने अभिप्रायले गाउँपालिका भित्र दुग्ध उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ ।

१२)"गोठदेखि ओठसम्म" भन्ने नारालाई आत्मसात गर्दै स्वच्छ दुध उत्पादन गर्ने कृषकको गोठ देखि उपभोक्ताको ओठसम्म स्वच्छ दुधको उपलब्धताका लागि नश्ल सुधार र गोठ-खोर सुधार कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१३) "पलाँता गाउँपालिकाको साथ कृषकलाई राहत" अभियानका साथ माटोका प्रकार, गुणस्तर र हावापानी अनुकूल खेती गर्न उचित मात्रामा प्राङ्गारिक मल, बिउ र जैविक विषादीको प्रयोग गर्न कृषकलाई तालिम तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ। प्राङ्गारिक मल उत्पादन गर्नको लागि भकारो सुधार कार्यक्रम लागु गरिनेछ।

१४) तरकारी, मसलाबाली, फलफूल, जडिबुटी, डालेघाँस एवम् पोसिला हिँउदे, बर्षे तथा बहुबर्षे घासका विउ एवम् विरुवाको मूल्यमा अनुदानको व्यवस्थापन गरि पकेट क्षेत्रका रुपमा स्थापना गर्दै एक वडा एक उत्पादन अवधारणा अगाडी बढाइनेछ । साथै व्यवस्थित नर्सरी स्थापनाको कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१५) नागरिकको खाद्य सुरक्षाको अधिकारलाई सुनिश्चित गर्न कृषिमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

१६) गाउँपालिका क्षेत्रभित्रका सफल उद्यमी एवं व्यवसायीहरु तर्फबाट प्रतिनिधित्व हुने गरि एक अर्थतन्त्र पुनरुत्थान सुझाब कार्यदल गठन गरि उक्त कार्यदलको सुझाबको आधारमा स्थानीय अर्थतन्त्र लक्षित योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

१७) गाउँपालिकाले संचालन गर्ने बिभिन्न कार्यक्रम तथा समारोहहरुमा खपत हुने फूल स्थानीय व्यवसायीहरु संग मात्र खरिद गर्ने नीति लिइनेछ । यसका लागि बजारमा उपलब्ध कृतिम खादा र मालाको प्रयोगलाई सार्वजनिक कार्यक्रममा पुर्ण बन्देज गरिने छ ।

१८) न्यूनतम रोजगारीको प्रत्याभुति गर्ने गरि प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । सोही प्रकृतिको "पलाँता रोजगारको कार्यक्रम" पनि सञ्चालनमा ल्याइनेछ । यसका लागि यस पालिकामा रहेका वेरोजगार युवाहरुको तथ्यांक अद्यावधिक गरिनेछ।

१९) "श्रमको सम्मानः पलाँताको अभियान" भन्ने नाराका साथ पालिकामा संचालन हुने सरकारी, गैरसरकारी, तथा नीजि क्षेत्रका विकास निर्माण एवम् मर्मतका योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगारहरुलाई खटाइनेछ ।

२०) स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी, सहकारी र गैह्र सरकारी क्षेत्रसँग आवश्यक सहकार्य गरी थप रोजगारीका अवसर सृजना गरीने छ । यस पालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको मुनाफाको १० प्रतिशत कृषि तथा पशु विकास र वन तथा वातावरण संरक्षणको क्षेत्रमा लगानी गर्न लगाउने नीति अवलम्बन गरिनेछ।

२१) आगामी आ.व. २०८१/०८२ मा आर्थिक सर्वेक्षण र गरिवी सर्वेक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२२) स्वरोजगारको लागि युवा लक्षित कार्यक्रमहरु सवारी चालक सीप, केस काट्ने सीप र ब्यूटीपार्लर सम्बन्धी सीप सिकाउने कार्यक्रम आयोजना गरी स्थानीय युवा तथा युवतीहरुको लागि स्वरोजगार अभिवृद्धि गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

२३) व्यवसायीहरुको पुँजी वृद्धिमा थप योगदानको लागि र अन्य कुराको जानकारी गराउन कृषि विकास शाखा र पशुसेवा शाखाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउनको लागि क्षमता अभिवृद्दि कार्यक्रम संचालन गरिनेछ ।

२४) पलाँताका उद्यमी, व्यवसायीहरुको निजी तथा साझेदारी फर्म दर्ता र नवीकरण शुल्कमा एकरुपता ल्याउन तत्काल कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । यस पालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले व्यवसाय शुरु गरेको ३५ दिन भित्र पालिकामा सूचिकृत गर्ने व्यवसायीको दर्ता शूल्कमा १० प्रतिशत छुट प्रदान गरिनेछ।

२५) पलाँता गाउँपालिका भित्र योग्यता पुगेका युवाहरुलाई लोकसेवा र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरी प्रतियोगितात्मक परीक्षामा भाग लिन प्रोत्साहन गरिनेछ । यसका लागि युवासँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ। आफ्नै देशमा बसौं, राष्ट्रसेवक कर्मचारी बन्न कम्मर कसौं भन्ने नारालाई कार्यान्वयनमा ल्याउन ज्ञानमा आधारित सीप तथा क्षमता अभिवृद्धिको लागि नीति बनाई कार्यान्वयन गरिनेछ।

२६) "आन्तरिक आयको प्रमुख भर" वैज्ञानिक र व्यवस्थित घर बहाल कर" अभियान सञ्चालन गरिनेछ । घर बहालकर संकलन गरी गाउँपालिकाको दिगो आन्तरिक राजस्व स्रोतको दायरालाई वृद्धि गरिनेछ ।

२७) गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक तथा पुरातात्वतिक स्थलहरुको संरक्षण एवम् प्रवर्द्धन गर्दै आन्तरिक पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२८) स्थानीय स्रोत साधन, सीप, प्रविधिमा आधारित उद्योग व्यापार व्यवसाय संचालन गर्न उद्यमी, व्यापारीलाई व्यवसाय संचालनका लागि थप हौसला बढाउने नीति अवलम्बन गरिनेछ ।

२९) "उद्यमी बनौः स्वदेशमा नै केही गरौं" भन्ने अभियानका साथ युवा जनशक्तिलाई स्वरोजगार बनाउन स्थानीय कच्चा पदार्थमा आधारित उद्योग संचालन गर्न प्रोत्साहन गरिनेछ ।

## आदरणीय गाउँसभा सदस्यहरु

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाको सामाजिक विकास अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**



विष्णु बहादुर रोकाया
अध्यक्ष

३०) खानेपानीको सुविधा नपुगेका विद्यालय, स्वास्थ्य चौकी तथा घर परिवारहरुमा स्वच्छ र स्वस्थ खानेपानीको धारा जडान गरिनेछ । खानेपानी र सिंचाइसँग सम्बद्ध निकायहरुसँग समन्वय गरी दिगो मुहानको पहिचान गरी खानेपानी समस्या समाधान गर्ने नीति लिइनेछ । सञ्चालनमा रहेको खानेपानीको आयोजनाहरुको आवश्यकता अनुसार ग्रामीण मर्मत सम्भार कार्यकर्ताद्वारा आवश्यक मर्मत सम्भार गरिनेछ । प्रत्येक खानेपानी आयोजना अन्तर्गतका उपभोक्ता समिति मार्फत खानेपानी मर्मत तथा सरसफाइ कोष स्थापना गराई सो कोषमा खानेपानीको महसुल संकलन गराई जम्मा गरिनेछ। खानेपानी आयोजनाको दिगो उपयोगको लागि प्रत्येक उपभोक्ताबाट असूल गर्ने गरी खानेपानी महसूल तोकिनेछ । मिटरबक्समा देखाए बमोजिमको महसूल नतिर्ने उपभोक्ताको पानीको धारामा आउने पानीको लाइन बन्द गरिनेछ।

३१)खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा उल्लेखनिय लक्ष्य हासिल गर्न वैदेशिक दातृ निकाय, संघसंस्था तथा परियोजनासँगको सहकार्य र साझेदारीलाई बढाउदै लगिनेछ । साथै सबैका लागि दीगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको लागि सुस्वासँग साझेदारी गरिनेछ ।

३२) गाउँपालिकाको प्रत्येक टोल, गाउँ तथा समाजमा सरसफाइको लागि उचित खानेपानी र शौचालयको व्यवस्था गरिनेछ। गाउँपालिका भरीको सबैभन्दा स्वच्छ र सफा घर तथा परिवारको पहिचान गरी प्रत्येक वडा स्तरमा हरियो स्टिकर टाँस गर्नुको साथै सार्वजनिक कार्यक्रममा सम्मान गरिनेछ । सरसफाइ गरौं स्वस्थ र निरोगी बनौं भन्ने नारालाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

३३) सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याई आधारभूत र माध्यामिक शिक्षालाई निःशुल्क र अनिवार्य गरिनेछ । प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्नका लागि प्राविधिक विद्यालय सञ्चालन गर्ने नीति लिइनेछ। प्रचलित ऐन तथा कानून अनुसारको मापदण्ड बमोजिम सञ्चालन नभएका विद्यालयलाई आसपमा गाभी शैक्षिक सुधारका लागि जनशक्ति तथा पूर्वाधारको लागि आवश्यक व्यवस्था गरिनेछ।

३४) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर तथा शिक्षा प्रणालीमा सुधार गर्न कक्षा ५ को वार्षिक परीक्षा गाउँपालिका स्तरीय परीक्षाको रुपमा सञ्चालन गरिनेछ ।

३५) प्रत्येक हप्ताको शुक्रवारलाई "सिर्जनशील शुक्रवार" को रुपमा मनाउन स्थानीय पाठ्यक्रममा आधारित भई विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

३६)फजुल समयको बचत गर्न तथा बौद्धिक ज्ञानको दायरा विस्तार गर्न पलाँता गाउँपालिकाको केन्द्रमा सामुदायिक पुस्तकालय स्थापना गरिनेछ ।

३७) वालविकास केन्द्रलाई बालवालिकाको उपलब्ध संख्या र मुल्याङ्कनका आधारमा व्यवस्थित गरिनेछ। आवश्यकताको आधारमा विद्यालयका भौतिक संरचना निर्माण गर्ने नीति लिइनेछ।

३८) भौतिक पूर्वाधारका दृष्टिले कमजोर रहेका विद्यालयको पहिचान गरि पूर्वाधार विकासमा जोड दिइनेछ । पालिकामा रहेका ९ वटा माध्यमिक विद्यालयलाई पलाँता गाउँपालिकाको शैक्षिक हबको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ। दक्ष शिक्षकको व्यवस्था गरी शैक्षिक वातावरणलाई प्रभावकारी बनाउनुको साथै विद्यालय वरीपरीको वातावरणलाई स्वच्छ, सफा तथा हरियाली बनाई राख्न सम्बन्धित विद्यालयको प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षलाई जिम्मेवार बनाइनेछ। विद्यालयको निरन्तर सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

३९) विद्यालयमा बारम्बार अनियमित रहने शिक्षकलाई विभागीय कार्वाहीको लागि सिफारिस गरिनेछ र अनुदान कोटामा रहेका शिक्षकलाई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा पालिकाले निस्कासन गर्नेछ ।

४०)गाउँपालिकामा संचालित विद्यालयहरुमा विद्यार्थिको सिर्जनशिलतालाई वढावा दिन भित्ते पत्रिका अनिवार्य गरिनेछ ।

४१) गरिव, जेहेन्दार र प्रतिभावान् विद्यार्थीलाई विशेष पुरस्कारको व्यवस्था गरि पठन पाठनमा उत्प्रेरणा जगाइनेछ ।

४२) शिक्षक, अभिभावक तथा विद्यार्थी बिच विज्ञहरुको उपस्थितिमा वर्षमा २ पटक अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ। ९ ओटा माध्यमिक विद्यालयका विद्यार्थीलाई स्काउट सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

४३) विद्यालयहरुमा खेलकुदको स्तर वृद्धि गर्नका लागी प्रत्येक मा.वि. मा कार्यरत खेलकुद क्षेत्रमा ज्ञान सिप भएको शिक्षकलाई जिम्मेवार बनाई प्रशिक्षण तालिम तथा खेल सामाग्री उपलब्ध गराईने छ।

४४) शिक्षकको विषयगत शिक्षण क्षमता अभिवृद्धि गरि मागमा आधारित शिक्षक तालिमको तहगत रुपमा व्यवस्था गरिनेछ ।

४५) ECD कक्षामा अध्यापन गराउने शिक्षिकालाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । दैनिक शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामाग्रीको प्रयोगलाई अनिवार्य गरिनेछ ।

४६) "स्वास्थ्यका लागि खेलकुद" भन्ने नारालाई कार्यान्वयन गर्न योग अभ्यासको साथै विहानी प्रार्थनाको समयमा कम्तिमा १५ मिनेट शारीरिक व्यायाम (पीटी) खेलाउन सवै विद्यालयलाई अनिवार्य गरिनेछ । विद्यालय तह देखि खेलकुदको विकास गर्न अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

४७) राष्ट्रपति रनिङ्ग सिल्डको लागि प्रत्येक विद्यालयबाट उत्कृष्ट विद्यार्थीलाई छनोट गरि सम्बन्धित विद्यालयलाई जिम्मेवार बनाई प्रतियोगितामा सहभागी गराइनेछ ।

४८) गाउँपालिकाको व्यस्थापन तथा सङ्गठन संरचनामा खेलकुद प्रशिक्षकको व्यवस्था नरहेकाले खेलकुद प्रशिक्षक पद खारेज गरिनेछ ।

४९) नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई कार्यान्वयन गरिनेछ । स्वास्थ्य सम्बन्धी कार्यान्वयनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

५०)"अध्यक्षसँग ज्येष्ठ नागरीक कार्यक्रम" संचालन गरिनेछ।

५१)"No More Home Delivery" कार्यक्रम सञ्चालन गरिनेछ, साथै "उपाध्यक्षसँग गर्भवती साक्षरता कार्यक्रम" लागु गर्ने नीति लिइनेछ ।

५२) पलाँता अस्पताललाई "पलाँता अस्पताल सञ्चालन कार्यविधि" निर्माण गरी आवश्यक स्वास्थ्य सामग्री, औषधीको परिपूर्ति गर्दै पालिकाको एक सम्पन्न अस्पतालको रुपमा विकास गरिनेछ ।

५३) परिवार नियोजनालाई प्रभावकारी बनाउन स्वास्थ्य चौकीहरुमा पाँचवटै परिवार नियोजनका साधनहरु नियमित उपलब्ध गराइनेछ ।

५४) प्रत्येक घरदैलोमा स्वास्थ्य सेवाको पहुँच पुर्याउन विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रदान गरिनेछ।

५५)"खोज र खोप" अभियान अनुरुप १५ महिनामुनिका सम्पुर्ण बालबालिकालाई लगाउनु पर्ने सम्पुर्ण खोप लगाई पूर्ण खोप पालिका घोषणा गरिनेछ ।

५६) क्षयरोगका बिरामी पहिचान गर्न वडास्तरमा शिविर संचालन गरी बिरामीलाई समयमै उपचारको दायरामा ल्याइनेछ ।

५७) जटिल खालका रोग लागि विरामी परेका आर्थिक रुपले विपन्न व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्न आर्थिक सहायता कोष खडा गरी सोको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

५८) पलाँता गाउँपालिकाकाको कार्यालय र वडा कार्यालयहरुमा स्तनपान कक्ष स्थापना गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

५९) बालविवाह, बालश्रम रोक्न विशेष पहल गरी आवश्यक कानून तथा कार्यविधि बनाई लागु गरिनेछ । बाल विवाह गर्ने परिवारलाई पहिचान गरी कानूनी कारवाही अगाडी बढाइनेछ। बाल विवाह गरेको जानकारी पाएमा कानून बमोजिमको दण्ड जरिवाना लगाइनेछ। १८ वर्ष मुनिका बालबालिकालाई उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनामा काममा लगाउन नपाउने नीति अवलम्बन गरिनेछ। बालश्रममा लगाई विद्यालय जाने उमेरको बालबालिकालाई विद्यालय नपठाएको पाएमा कानूनी कारवाहीको व्यवस्था गरिनेछ।

६०) महिला बालवालिका तथा अपाङ्ग भएका व्यक्तिहरु, अल्पसंख्यक समुदायको लागि लैंगिक समानता तथा सामाजिक समावेशिकरणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकामा सञ्चालित योजनाहरुमा सामाजिक समावेशीकरणमा जोड दिने नीति अपनाइनेछ।

६१) लैंगिक हिंसाको पहिचान तथा यससँग सम्वद्ध मौज्दात कानून, ऐन, नियमावली बारे जानकारी गराउने नीति कार्यक्रम संचालनमा ल्याइनेछ। छोरा जन्मिदा पञ्चैबाजा बजाई गाउँघर घुमाउने र छोरी जन्मिदा चुपचाप बस्ने संस्कारलाई नियन्त्रण गरी लैङ्गिक समानता कायम गरिनेछ। छोरा र छोरी बीच भेदभाव गरी यसो गरेको पाइएमा लैङ्गिक विभेद गरी मानवता विरोधी क्रियाकलाप गरेको आरोपमा दण्ड जरीवानको व्यवस्था गरिनेछ र त्यस्तो परिवारलाई सामाजिक सदभाव विरोधी घोषणा गरी सकारात्मक विभेदको सिद्धान्त अनुरुप पुरस्कृत गरिनेछ।

६२) दलित, महिला तथा बालबालिका, पछाडि परेका र लक्षित वर्गलाई सिपमूलक तालिम सञ्चालन गर्ने र रोजगारीमा समान पहुँच पुर्याउने नीति अवलम्बन गरिनेछ। पलाँता गाउँपालिका एकल महिला जिविको पार्जन कार्यक्रम लागु गरिने छ।

६३) घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालन गरिनेछ, जसमा टोल विकास संस्था, आमा समूह, महिला समूह जस्ता सामूदायिक संस्थालाई परिचालन गरिनेछ । मासिक श्राव हुँदा छाउगोठमा बस्ने र घर भित्र प्रवेश नगर्ने व्यक्ति र परिवार दुवैलाई नगद दण्ड जरिवानाको व्यवस्था गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यहरु**

**अब म आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाको वन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

६४) गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दीगो उपयोग र संरक्षण नीति अवलम्वन गरिनेछ ।वन क्षेत्र, सार्वजनिक स्थल, सडक किनारा लगायतका क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्रमुख नीतिको रुपमा लिइनेछ ।

६५) पहिरोको जोखिम तथा भू-क्षय ग्रस्त क्षेत्रहरुमा घाँस लगायत उपयुक्त विरुवा रोप्ने, वृक्षारोपण गर्ने, आगलागी तथा डढेलो नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । यसका लागि वातावरण संरक्षण ऐन बमोजिम वन फडाँनी गर्ने, आगो लगाउने, वन पैदावर र चोरी निकासी गर्नेलाई उचित कारवाहीको प्रक्रिया अगाडी बढाइनेछ ।

६६) सामुदायिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ । सामुदायिक वनवाट संकलन हुने आयलाई करको दायरामा ल्याइनेछ र वन पालेको व्यवस्था गरी सम्वन्धित सामुदायिक वनको कोषबाट नै आवश्यक सेवा सुविधाको व्यवस्था गराइनेछ।

६७) वातावरणमैत्री स्थानीय शासन प्रारुप बमोजिम गाउँपालिकाको हरियाली प्रवर्द्धन गर्न वातावरणमैत्री सूचक सम्वन्धी सरोकारवालालाई जानकारी गराउन अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।

६८) "जलवायु मैत्री वातावरणः अनुकुलन र जोखिम न्युनिकरण" कार्यक्रम संचालन गरिनेछ । वन तथा वातावरण संरक्षणको लागि एक घर १० विरुवा कार्यक्रम आयोजना गरी विरुवा रोपी हुर्काउने घर परिवारलाई वातावरण संरक्षणको आइडल घोषणा गरी सार्वजनिक कार्यक्रममा नगद पुरस्कार र सम्मान पत्र प्रदान गरिनेछ।

६९) विपद व्यवस्थापनको रणनैतिक योजना तयार गरी पालिकास्तरीय "आपतकालिन् विपद् उद्दार केन्द्र" स्थापना गरी विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीको खरिद व्यवस्थापन गरिनेछ ।

७०)जोखिम बहन गर्नका लागि पलाँता गाउँपालिकामा रहेका सम्पूर्ण घरहरुको निर्जीवन बिमा गर्ने नीति अवलम्बन गरिनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

७१) समाजमा फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सदाचार, अनुशासन, सामाजिक विभेद लगायतका विषयको बारेमा सचेतना प्रवाह गर्न प्रत्येक वडामा वर्षमा २ दिन अभिमुखिकरण कार्यक्रम समचालन गरिनेछ ।

७२) जलवायु परिवर्तनको बढी जोखिममा रहेका समुदायहरुलाई अनुकूलन तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७३) गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको जन्मदिनको अवसरमा "जन्मदिनमा बृक्षारोपण" भन्ने नितिलाई अवलम्बन गरिनेछ । खुल्ला क्षेत्रलाई संरक्षण र व्यवस्थित गरिनेछ ।

## आदरणीय गाउँसभा सदस्यहरु

**अब म आर्थिक वर्ष २०८१-८२ मा यस गाउँपालिकाको पूर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

७४) "अध्यक्ष गौरवको आयोजना कार्यक्रम" संचालन गरी पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

७५) शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो, पोखरी, सिंचाई, चौतारो, पाटीपौवा, सरसफाइ र सार्वजनिक निर्माणको क्षेत्रमा सामाजिक सदभाव र एकताको लागि महिनाको एकदिन श्रमदान अनिवार्य गर्न गराउन कर्मचारी, शिक्षक र जनप्रतिनिधि मिली महिनाको पहिलो शुक्रवार अनिवार्य श्रमदान गर्ने नीति लिइनेछ।

७६) यस पालिकाको ज्येष्ठ नागरिक, युवायुवती र अन्य आगन्तुक व्यक्तिहरुलाई सफा र स्वच्छ वातावरणमा केही समय बसी आराम गर्न तथा घुमफिर गर्नको लागि स्थानीय पहिचान सहितको पालिकास्तरीय पलाँता पार्क निर्माण गरिने नीति अवलम्बन गरिनेछ।

७७) आगामी आर्थिक वर्ष भित्रमा गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानी पाइप लाइन, सडक, बत्ति, टेलिफोन, इन्टरनेट लगायतका सबै भौतिक पूर्वाधारलाई व्यवस्थित गरी "एक वडा एक सडक" कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

७८) गाउँपालिकाको लाईफ लाइनको रुपमा रहेको बेल्केढुङ्गा- पुलाहाँ- राडुनेटा- छलाहाँ- उखाडी- जाँफ हुँदै ओदी जुम्ला जोड्ने सडकलाई स्तरोन्नति गर्न संघीय सरकार र प्रदेश सरकारसँग क्रमागत योजनामा आवश्यक समन्वय र पहल गरिनेछ ।

७९) जाँफे- गोठालिचौर- तुसारे- फागोटी- जाज्ज- बेल्केढुङ्गा सडक खण्डको ट्र्याक खोल्न र क्रमागत योजनाको लागि विशेष महत्वका साथ पहल गरिनेछ ।

८०) वेल्केढुङा खिर्पी, बेर्सनकोट, नाईबाडा, माछा, पातिहाल्ना सडक निर्माण पलाँता ८ कालिकोट निर्माण गरिनेछ। कयारदेव, तल्सेरी, भतेडा रारा सडक निर्माण कार्य अगाडि बढाईनेछ। दैनिकर, गडवाली, चंखेलि, पारौटि सडक निर्माण कार्य अगाडि बढाईनेछ।

८१) रानीविसौना, घोचायावाडा, पनेरा धौलागोह डोरि सडक निर्माण गेरर वडा नं ३, ४, ५ र ६ को जनतालाई पालिका केन्द्र रानीविसौनामा सेवा लिनलाई सहज आवत जावत गर्नको लागि ट्र्याक खोल्ने कार्य गरिनेछ। रानिविसौना, लोडे दुर्सि सडक निर्माण गरिनेछ र लोडेमा निर्मित भवनलाई पालिकाको शाखा तथा कृषि उपज संकलन केन्द्रको रुपमा प्रयोग गर्ने तथा लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन केन्द्रको रुपमा उपयोग गर्ने नीति अपनाइनेछ।

८२) जाज्ज, रानिविसौना झोलुङ्गे पुल निर्माणस्थल सम्मको लागि सैन हुदै चैतेका ओखल सम्म सडक निर्माण गरिनेछ।जाज्ज खौला देखि जाज्ज धनसेरी सम्म सडक निर्माण गरिनेछ।

८३) गाउँपालिकाभित्रको यातायातलाई बाह्रै महिना संचालन गर्न सडकको स्तरोन्नति गरिनेछ ।विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सूचारु गर्न आकस्मिक मर्मत सम्भार तथा व्यवस्थापन कोष खडा गरी खर्च गरिने साथै Backhoe loader खरिद गर्न बजेट व्यवस्थापन गरिनेछ ।

८४) सडकको चौडाई, घुम्तीको दुरी, सडकको ग्रेड व्यवस्थापनका लागि इञ्जिनियरिङ्ग मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाईनेछ । सडकको दायाँबायाँ वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८५) गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ ।

८६) उपभोक्ता समितिको कार्यलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम तथा उचित तालिमको व्यवस्था गरिनेछ ।स्थानीय उपभोक्ता समिति गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक कानून तथा कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

८७) प्राविधिक कर्मचारीको सीप विकासका लागि सडक, भवन, खानेपानी डिजाइन तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था मिलाइनेछ ।



विष्णु बहादुर रोकाया
अध्यक्ष

८८)"**सिंचाईमा लगानी: खेतबारीमा पानी**" अभियान अन्तर्गत पालिका क्षेत्रभित्र संचालित सिंचाई प्रणालीहरुको मर्मत, सुधार तथा सबलीकारण गरिनेछ। सिंचाई सुविधा नपुगेका क्षेत्रमा नहर कुलोको व्यवस्था गर्न पहल गरिनेछ ।

८९) यस गाउँ पालिकामा रहेका साना तथा मझौला लघु जलविद्युतलाई आवश्यकता र दीर्घकालिन हुने अवस्थाको पहिचान गरि मर्मत गरेर सबै वडामा लाईन बिस्तार र विद्युतिकरण गर्ने निति लिइनेछ।

९०) यस पालिकामा सञ्चालन हुने योजनाहरुको कार्यान्वयनको लागि विद्युतीय बोलपत्रको माध्यमबाट बोलपत्र आह्वान गरी काम गर्ने गराउने नीति अवलम्बन गरिनेछ। ५ लाख भन्दा बढीको खरिद तथा निर्माण सम्बन्धी कार्य गर्दा बोलपत्र विधिमार्फत गर्ने नीति अनिवार्य अवलम्बन गरिनेछ। साथै पालिकाले आवश्यकताको आधारमा उपभोक्ता समिति मार्फत निर्माण सम्बन्धी योजनाहरु पनि कार्यान्वयन गरिनेछ।

## आदरणीय गाउँसभा सदस्यहरु

अब म आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाको सुशासन तथा संस्थागत सुधार तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

९१) भ्रष्टाचार जन्य क्रियाकलापलाई नियन्त्रण गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

९२)गाउँपालिकाको संगठन संरचना तयार गर्न गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यदललाई क्रियाशील बनाइने छ। यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी स्वीकृत दरबन्दि अनुसार कर्मचारी दरबन्दी कायम गर्नुको साथै पदाधिकारी तथा प्रशासनीक इकाईहरुको कार्य विवरणलाई व्यवस्थित बनाइनेछ। संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन अनुसार स्थायी कर्मचारीको पदपूर्ति गरिदै लगिनेछ र करार कर्मचारीलाई पदपूर्ति कनिष्टताको आधारमा करार कर्मचारीको करार सम्झौता रद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

९३) कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्यसम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ । गाउँपालिकाका प्रत्येक कर्मचारिको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ ।

९४) गाउँपालिकाका सबै कार्यालयमा सीसीटीभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।करार कर्मचारीको संख्यामा कटौति गर्दै लगिनेछ। आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र करार तथा स्थायी कर्मचारीको विदा स्वीकृत गरिनेछ। विदा अधिकार होइन सहुलियत मात्र हो भन्ने अवधारणालाई कार्यान्वयन गरी स्वीकृती विना कुनै कर्मचारी एक हप्ता भन्दा बढी विदामा बसे करार कर्मचारीको करार सम्झौता बमोजिम र स्थायी कर्मचारीको प्रचलित कानून बमोजिम तलब कट्टा गरिनेछ।

९५) गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई संचय कोष कट्टि गरी सामाजिक सुरक्षाको दायरामा ल्याउने नीति अपनाइनेछ । करार कर्मचारीको व्यावसायिक आचरणलाई प्रवर्द्धन गर्न यस पालिकाको क्षमताको आधारमा पोशाक भत्ताको व्यवस्था गरिनेछ।

९६) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणाली (FRA) लाई थप व्यवस्थित गारिनेछ ।स्थानीय आर्थिक विकास (LED) कार्यान्वयन गरिनेछ। स्थायी कर्मचारीलाई यस पालिकामा टिकाउन आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

९७) सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाइनेछ। सार्वजनिक सेवा प्रवाह र कार्यालयको हितमा उत्कृष्ट कार्य गर्ने पलाँता गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीमध्ये एकजनालाई सर्वोकृष्ट र पाँच जनालाई उत्कृष्ट कर्मचारी घोषणा गर्ने नीति लिइनेछ। कार्यसम्पादन मूल्यांकनलाई वास्तविक र वस्तुनिष्ठ बनाई कार्यसम्पादनमा आधारित मूल्यांकन गरी उत्कृष्ट कर्मचारीको पहिचान गरिनेछ। निजामती दिवसको अवसरमा सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारीलाई प्रमाणपत्र सहित सम्मान गरिनेछ।

९८) गाउँपालिकाको प्रशासनिक भवनको निर्माणको लागि छिटो भन्दा छिटो आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।पालिकाको केन्द्र रानीविसौनाबाट सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था गरी आगामी आ.व. भित्र रानीविसौनामा कार्यालय सार्न आवश्यक व्यवस्था गरिनेछ। सबै वडा कार्यालयहरु समयमै निर्माण गरी आफ्नै प्रशासनीक भवनबाट सेवा प्रवाह गर्ने वातावरण मिलाइनेछ । निर्माण हुन बाँकी वडा कार्यालयहरुको निर्माण कार्यको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

९९) गाउँपालिकाको पुँजिगत खर्च बढाउनका लागि उक्त बजेट कार्यन्वयनमा सम्वद्ध जनशक्तिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। मासिक रुपमा पुँजिगत बजेटको खर्च

अवस्थाको समिक्षा गरी योजना कार्यान्वयन चरणमा देखिएका कमीकमजोरीमा सुधार गरी योजना स्थलमा आइपर्ने समस्याहरुलाई समाधान गर्दै लगिनेछ ।

९९। न्यायिक समितिका उजुरी, मेलमिलाप, न्यायिक छलफल, मेलमिलाप केन्द्र व्यवस्थापन, उजूरि फछ्यौंट, मिसल संरक्षण लगायतका क्रियाकलापलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।सबै मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्दि गर्न अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

१००) गरिब तथा विपन्न नागरिकलाई निःशुल्क कानूनी सहायता प्रदान गरिनेछ ।प्रत्येक वडामा स्थानीय मेलमिलाप केन्द्र सञ्चालनमा ल्याउन उपाध्यक्षको अध्यक्षता न्यायिक निरुपनको सुनिश्चितता भन्ने नाराको साथ स्थानीय स्तरका सामान्य देवानी मुद्राको मेलमिलाप प्रक्रिया मार्फत छिनोफानो गरिनेछ।

१०१) डिजिटल पलाँता कार्यक्रम संचालन गरी पलाँता गाउँपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने सेवालाई सरल, सहज, पारदर्शी, पहुँचयोग्य र व्यवस्थित तुल्याइनेछ ।यसका लागि आगामी आ.व. मा इ-हाजिरी, इ-रजिष्टर जस्ता विधुतीय प्रणालीको सुरुवात गरिनेछ।

१०२) नीति तथा कार्यक्रमको प्रभावकारि कार्यान्वयन र निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुट्टै समिति गठन गरी मासिक समिक्षा गरिनेछ ।

१०३) गाउँपालिकाले सचालन गर्ने विभिन्न कार्यक्रमहरुबारे जनता तथा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचित गर्न समय समयमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिकामा सञ्चालनमा रहेको टोल फ्री नम्बरबाट जनगुनासो व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ ।गाउँपालिका जनगुनासो सुन्न "हेलो पलाँता कार्यक्रम" संचालन गरिनेछ ।यसको लागि टोल फ्री नम्बर व्यवस्था गरी गुनासो टिपोट गरी रेकर्ड राख्नुको साथै समयमै सो गुनासोको समाधान समेत गरी सोको विवरण राखिनेछ।

१०४) सामाजिक सुरक्षा भत्ता निकासा भएको जानकारी गराउन एस.एम.एस. (SMS) प्रणाली प्रयोगमा ल्याइनेछ। सो प्रणालीको प्रभावकारी कार्यान्वयन मार्फत नागरिकलाई विपद् लगाएतको अन्य जानकारीको सुचना प्रवाह गरिनेछ ।

१०५) यस पालिकाबाट प्रवाह हुने सेवाको सुचना तथा तथ्यकको व्यवस्थापनलाई व्यवस्थित र आधुनिक बनाइनेछ । पालिकाको रेकर्ड प्रणाली र फाइलिङ्ग प्रणालीलाई प्रभावकारी बनाई

व्यवस्थित तथा आवश्यक परेको बेला खोज्दा तुरुन्तै खोजेको सूचना प्राप्त गर्न सक्ने खालको बनाइनेछ। कम्प्युटर विधिबाट सूचना तथा तथ्यांकको संरक्षण सुनिश्चत गरिनेछ। दैनिक प्रशासनलाई अनुमानयोग्य, पहुँचयोग्य, पारदर्शी तथा जनकेन्द्रित बनाई सुशासन कायम गरिनेछ।

१०६) यस पलाँता गाउँपालिकाको सूचना प्रविधिको विकास गरी नागरिकको सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्नको लागि पालिकामा एफ. एम. रेडियो सञ्चालन र स्थानीय पत्रपत्रिकाको लागि मिडिया सेन्टर सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई इजाजत प्रदान गरिनेछ। पालिकाले गरेका विकास निर्माण, सेवा प्रवाहको बारेमा सूचना प्रवाह गर्न रेडियो पलाँता स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

अन्त्यमा,

नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन पालिकाको एकल प्रयासबाट मात्र सम्भव छैन ।यसका लागि सबै राजनीतिक दल, सामुदायिक, नीजि तथा गैरसरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्तिय क्षेत्र, युवा क्लब, आमा समुह लगायत समग्र गाउँबासीहरुको निरन्तर सहयोग, समर्थन र सुझावको आवश्यक पर्दछ । यसले गर्दा नीति तथा कार्यक्रमले तय गरेको "स्वच्छ, समृद्द र सु-सँस्कृत पलाँता" को सपना सार्थक हुने देखिन्छ ।यस नीति तथा कार्यक्रम मार्फत पलाँता गाउँवासीको आशा र आवश्यकता परिपूर्ति गर्न पलाँता सरकार अहोरात्र लागि पर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।यो नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक राय, सुझाव एवम् सल्लाह तथा परामर्श प्रदान गर्नुहुने उपाध्यक्ष ज्यू, गाउँ सभाका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु। सबै राजनीतिक दलका नेतागण, सन्चारकर्मी, आम नागरिक र सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस नीति तथा कार्यक्रम तय गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने पलाँता गाँउ पलिकाका प्रमुख प्रसासकिय अधिकृत ज्यू। गाउँ सभा अन्तर्गतका विषयगत समिति, गाउँकार्यपालिका कार्यालयको शाखा प्रमुखहरु लगायत सवै सम्वद्ध पक्षहरु प्रति आभार प्रकट गर्दछु।

धन्यवाद् ।

विष्णु बहादुर रोकाया
अध्यक्ष